अनुसूचि-१६

(दफा ३३ को उप दफा (२) संग सम्वन्धित )

श्री शिव सामुदायिक वन उपभोक्ता समूह, राजपुर गा.पा.-३, दाङ

काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८१/५/३१ गते )

श्री शिव सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित यस समुहको घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनैं खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो नयां युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरणः

| लट नं. | वनपैदावरको जात | ग्रेड | गोलिया थान | परिमाण | मूल्यांकन | |
|---|---|---|---|---|---|---|
| | | | | क्यू.फीट/चट्टा | न्यूनतम मुल्य रु | संकलन खर्च रु. |
| १ | साल | A | १ | १५.५६ | १९४५० | २८७८.६० |
| | साल | B | १६ | २११.६३ | १९०४६७ | ३९१५१.५५ |
| | साल | C | ३८ | २९६.७१ | १७८०२६ | ५४८९१.३५ |
| | साल | D | १२ | १५०.५५ | ४५१६५ | २७८५१.७५ |
| | जम्मा | | ६७ | ६७४.४५ | ४३३१०८ | १२४७७३.३ |
| | साल जातको दाउरा | | | ५.० चट्टा | ६०००० | ६५,००० |
| | जम्मा | | | | ४९३१०८ | १८९७७३.३ |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८१/०६/१४ गते समय दिनको ५.०० वजे सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८१/०६/१५ गते समय दिनको १२.०० वजे सम्म ।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलि पल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. वोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको महालक्ष्मी विकास वैंक लिमिटेड लमही शाखा दाङमा रहेको ०१३००१०००७३९०३००००१ खातामा नगद जम्मा वा वैंक ग्यारेन्टी गरेको कागजात, भौचर समावेश हुनु पर्नेछ ।

४. बोलपत्र फारमको प्रति लटको रु. १,०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह सम्वन्धित वन कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिने छ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको राजपुर-खरदरीयामा रहेको घाटगद्धि स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर ... प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र प्रतिलिपी, सम्वन्धित कार्यालयमा सुचीकृत भएको प्रमाणपत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

Scanned with CamScanner

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१/०६/१५ मा दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ । सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश ) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।
९.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

विधा प्रसाद
अध्यक्ष
शिव सामुदायिक वन उपभोक्ता समुह

Scanned with CamScanner